निर्णय पु. २४४ २०७५।४।१

# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## प्रदेश-१ धरान, सुनसरी

अठारौं नगर कार्यपालिका बैठकको निर्णयहरु

आज मितिः २०७५ श्रावण १ गते दिउशो ४:०० बजे १८ औं नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितीमा कार्यवाहक नगर प्रमुख एवं उपप्रमुख श्री मञ्जु भण्डारी सुवेदी ज्यूको अध्यक्षातामा बसी देहाय बमोजिमका बिषयहरुमा छलफल एवं निर्णय गरियो ।

सहभागिता

| क्र.सं. | नामथर | पद | वडा नं. | सहि |
|---|---|---|---|---|
| १ | श्री मञ्जु भण्डारी सुवेदी | का.बा.नगरप्रमुख | | उपस्थित |
| २ | श्री रोशन अधिकारी | वडाध्यक्ष | धरान १ | उपस्थित |
| ३ | श्री माधव गोविन्द श्रेष्ठ | वडाध्यक्ष | धरान २ | उपस्थित |
| ४ | श्री आशा कुमार श्रेष्ठ | वडाध्यक्ष | धरान ३ | उपस्थित |
| ५ | श्री मान बहादुर राई | वडाध्यक्ष | धरान ४ | उपस्थित |
| ६ | श्री सन्तोष लिम्बु | वडाध्यक्ष | धरान ५ | उपस्थित |
| ७ | श्री भुवनसिंह बस्नेत | वडाध्यक्ष | धरान ६ | उपस्थित |
| ८ | श्री जिवनराज सुवेदी | का.बा. वडाध्यक्ष | धरान ७ | उपस्थित |
| ९ | श्री रुद्र बहादुर लिम्बु | वडाध्यक्ष | धरान ८ | उपस्थित |
| १० | श्री रत्न बहादुर कटुवाल | वडाध्यक्ष | धरान ९ | उपस्थित |
| ११ | श्री श्रीप्रसाद सुब्बा | वडाध्यक्ष | धरान १० | उपस्थित |
| १२ | श्री बाबुलाल लामा | वडाध्यक्ष | धरान ११ | उपस्थित |
| १३ | श्री ब्रम्हज्ञ भटराई | का.बा.वडाध्यक्ष | धरान १२ | अनुपस्थित |
| १४ | श्री नेत्र प्रसाद काफ्ले | वडाध्यक्ष | धरान १३ | उपस्थित |
| १५ | श्री कृष्ण प्रसाद भटराई | वडाध्यक्ष | धरान १४ | उपस्थित |
| १६ | श्री नरेश कुमार इवारम | वडाध्यक्ष | धरान १५ | उपस्थित |
| १७ | श्री दिल कुमार गिरी | वडाध्यक्ष | धरान १६ | उपस्थित |
| १८ | श्री सूर्य बहादुर भट्टराई | वडाध्यक्ष | धरान १७ | अनुपस्थित |
| १९ | श्री नरेन्द्र कुमार राई | वडाध्यक्ष | धरान १८ | अनुपस्थित |
| २० | श्री पुर्ण बहादुर लिम्बु | वडाध्यक्ष | धरान १९ | उपस्थित |
| २१ | श्री मणिराम राई | वडाध्यक्ष | धरान २० | उपस्थित |
| २२ | श्री सुवास राई | कार्यपालिका सदस्य | | उपस्थित |
| २३ | श्री कैलास अग्रवाल | कार्यपालिका सदस्य | | उपस्थित |
| २४ | श्री किशोर परियार | कार्यपालिका सदस्य | | उपस्थित |
| २५ | श्री गिता पाखिन | कार्यपालिका सदस्य | | उपस्थित |
| २६ | श्री विनिता बज्राचार्य | कार्यपालिका सदस्य | | उपस्थित |
| २७ | श्री कल्पना थापा | कार्यपालिका सदस्य | | उपस्थित |
| २८ | श्री लिलामाया गुरुङ | कार्यपालिका सदस्य | | उपस्थित |
| २९ | श्री हिरादेवी राई | कार्यपालिका सदस्य | | उपस्थित |
| ३० | श्री सुमन घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | | उपस्थित |

प्रस्ताव : नगर प्रमुख श्री तारा सुव्वाज्यूको स्वर्गारोहण सम्बन्धमा ।

१.शोक प्रस्ताव

यस उपमहानगरपालिकाका नगर प्रमुख श्री तारा सुव्वाज्यू विगत केही समय देखि बिरामी भई ग्राण्डि ईन्टरनेशनल अस्पताल, काठमाण्डौमा फोक्सोको निमोनिया तथा मृगौलाको सघन उपचारमा रहनु भएकोमा अकल्पनीय रुपमा मिति २०७५ श्रावण १ गते दिउँसो करिव १ बजेको समयमा असामयिक र अल्पायुमा नै सम्पूर्ण नगरवासीलाई स्तब्ध बनाई स्वर्गारोहण हुनु भएको यस मर्माहत, दु:खद् तथा पिडादायी घडीमा नगर कार्यपालिका, सम्पूर्ण नगरवासी, राजनीतिक दलहरु, विभिन्न संघसंस्था, शुभेच्छुक तथा शुभचिन्तक समेतको तर्फबाट मृत:आत्माको चीर शान्तीको कामना गर्दै शोक शन्तप्त परिवारजनप्रति भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना समेत गर्दछौं ।

२. दाह संस्कार एवम् अन्त्येष्ठि

नगर प्रमुख स्वर्गीय श्री तारा सुव्वाज्यूको पार्थिव शरीरको पारिवारीक रितीरिवाज अनुसार दाहसंस्कार गर्ने तथा सरकारी सम्मानका साथ अन्त्येष्ठि गर्न आवश्यक समन्वय गर्ने।

३. श्रद्धान्जली स्थल

नगर प्रमुख स्वर्गीय श्री तारा सुव्वाज्यूको पार्थिव शरिरलाई नगर कार्यपालिकाको तर्फबाट श्रद्धान्जली अर्पण गर्न नगर कार्यपालिकाको कार्यालय परिसरमा र सम्पूर्ण नगरवासीहरुका लागि श्रद्धान्जली अर्पण गर्न पब्लिक माध्यामिक विद्यालय, धरान १२ को खेलमैदानमा व्यवस्था मिलाउने।

४. श्रद्धान्जलि पुस्तिका राख्ने

नगर प्रमुख स्वर्गीय श्री तारा सुव्वाज्यूप्रति श्रद्धान्जली अर्पणको लागि मिति २०७५ श्रावण २ गते देखि ७ दिनसम्म नगर कार्यपालिकाको कार्यालयमा शोक पुस्तिका राख्ने ।

५. श्रद्धान्जली सभा

नगर प्रमुख स्वर्गीय श्री तारा सुव्वाज्यूको सम्झनामा शोक प्रकट गर्न श्रद्धान्जली सभा उहाँको पार्थिव शरीरको दाहसंस्कार गरेको भोलीपल्ट आयोजना गर्ने। श्रद्धान्जली आयोजना गरीने मिति, समय र स्थान बारे सार्वजनिक रुपमा सूचना प्रकाशन गरी जानकारी दिने ।

६. शोक मनाउने सम्बन्धमा ।

नगर प्रमुख स्वर्गीय श्री तारा सुव्वाज्यूको स्वर्गारोहण भएको यस दु:खद् घडीमा नगर कार्यपालिकाको कार्यालयमा ७ दिनसम्म राष्ट्रिय झण्डा आधा झुकाउने र शव अन्त्येष्ठि गरेको दिन तथा श्रद्धान्जली सभा आयोजना गर्ने दिन धरान उपमहानगरपालिका मातहतमा रहेका सबै कार्यालयहरु तथा सार्वजनिक संस्थाहरुमा विदा दिई शोक मनाउने ।

७. दाहसंस्कार र श्रद्धान्जली कार्यक्रमको व्यवस्थापन ।

नगर प्रमुख स्वर्गीय श्री तारा सुव्वाज्यूको दाह संस्कार तथा अन्त्येष्ठि कार्यक्रम र श्रद्धान्जली सभा कार्यक्रमको व्यवस्थापन परिवारसंगको समन्वयमा नगर कार्यपालिकाको कार्यालयले गर्ने ।

आजको नगर कार्यपालिकाको वैठक नगर प्रमुख स्वर्गीय श्री तारा सुव्वाज्यूको आत्माको चीरशान्तिको कामना गर्दै २ मिनेट मौनधारण गरी समापन गरीयो ।